नेपाल सरकार

उद्योग मन्त्रालय

सिंहदरवार, काठमाडौं

सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५(३) र सूचनाको हक सम्बन्धी नियमावली , २०६५ को नियम ३ बमोजिम यस मन्त्रालयले २०७१ माघ, फागुन र चैत्र तीन महिनामा सम्पादन गरिएको कामको विवरण प्रकाशन गरिएको छ ।

(क) निकायको स्वरुप र प्रकृति

स्वरुपः

नेपाल सरकार, उद्योग मन्त्रालय (केन्द्रीय स्तरको निकाय)

प्रकृतिः

उद्योगसँग सम्बन्धित नीति तर्जुमा, कार्यान्वयन तथा सो को अनुगमन एंव मूल्याङ्कन गर्ने ।

(ख) निकायको काम, कर्तव्य र अधिकार (नेपाल सरकार कार्यविभागजन नियमावली, २०६४ अनुसार)

- उद्योग तथा औद्योगिक विकास सम्बन्धी नीति , योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन,
- खानी तथा खनिज पदार्थ अन्वेषण सम्बन्धी नीति, योजना तथा कार्यान्वयन,
- खानी तथा खनिज विकास विषयक अध्ययन, तालिम, अन्वेषण तथा सर्वेक्षण,
- औद्योगिक विकास,
- औद्योगिक क्षेत्रहरु तथा औद्योगिक संघ–संस्थाहरु,
- औद्योगिक नियोगहरु,
- संयुक्त राष्ट्रसंघीय औद्योगिक विकास संगठन तथा अन्य अन्तर्राष्ट्रिय औद्योगिक संगठन,
- बैदेशिक लगानी प्रवर्द्धन,
- औद्योगिक लगानी प्रवर्द्धन,
- घरेलु तथा ग्रामीण सीप र उद्योगको संरक्षण तथा प्रवर्द्धन,
- नाप, तौल र गुणस्तर निर्धारण तथा प्रवर्द्धन,
- उद्योग सम्बन्धी सार्वजनिक प्रतिष्ठान,
- उत्पादकत्व बृद्धि विषयक नीति तथा कार्यक्रम,
- औद्योगिक प्रविधि विकास र प्रविधि हस्तान्तरण,
- औद्योगिक जनशक्तिको विकास तथा तालिम, अन्वेषण तथा सर्वेक्षण,
- औद्योगिक प्रवर्द्धन र संरक्षण,
- कम्पनी प्रशासन,
- औद्योगिक सम्पत्ति र प्रशासन,
- संगठित संस्थाको दामासाही प्रशासन,
- विशेष आर्थिक क्षेत्र,
- नेपाल इञ्जिनियरिङ्ग सेवा अन्तर्गतका माइनिङ्ग , जियोलोजी, केमेष्ट्री, केमिकल, मेटालर्जिकल र मेट्रोलोजी समूहको सेवा सञ्चालन ।

(ग) निकायमा रहने कर्मचारी संख्या र कार्यविवरण

मन्त्रालयमा कार्यरत कमर्चारीहरुको शाखागत विवरण

| क्र.सं. | महाशाखा / शाखा | पद | नाम, थर | कैफियत |
|---|---|---|---|---|
| **१.** | **उद्योग मन्त्रालय** | **उद्योग मन्त्रीज्यू** | **माननीय श्री महेश बस्नेत** | |
| | उद्योग मन्त्रीज्यूको निजी सचिवालय | उप सचिव | श्री कृष्ण बहादुर के.सी. | |
| | " | प्रेस संयोजक | श्री ईश्वर थापा | |
| | " | ना.सु. | श्री रुद्र अधिकारी | |
| | " | क.अ. | श्री सिताराम पन्थ | |
| | " | | श्री राजेन्द्र थापा | |
| | " | का.स. (करार) | श्री जिमगोपाल महर्जन | |
| | " | ह.स.चा. | श्री नातीकाजी महर्जन | |
| **२.** | **उद्योग मन्त्रालय** | | | |
| | उद्योगमन्त्रीज्यूको स्वकीय सचिवालय | उपस्वकीय सचिव | श्री किरण पौडेल | |
| | " | स्वकीय अधिकृत | श्री रोशन बस्नेत | |
| | " | प्रशासन सहायक | श्री रविन्द्र सापकोटा | |
| ३. | **उद्योग मन्त्रालय** | **सचिव** | **श्री जय मुकुन्द खनाल** | |
| | सचिवज्यूको पि.ए. शाखा | शाखा अधिकृत | श्री मेघराज पन्त | |
| | " | ना.सु. | श्री गोविन्द प्रसाद कंडेल | |
| | " | का.स. | | |
| | " | का.स.(करार) | श्री माधव पोखरेल | |
| | " | ह.स.चा. | श्री नरेश देशार | |
| **४.** | **प्रशासन तथा संस्थान महाशाखा** | | | |
| | " | **सह–सचिव** | **श्री दिनेश कुमार घिमिरे** | |
| | " | प्रमुख शिक्षक | श्री सुशिला घिमिरे | |
| | " | ह.स.चा. | श्री सुदन थापा | |
| | " | का.स. (करार) | श्री दुर्गादेवी बस्नेत | |
| ४.१ | **प्रशासन शाखा** | | | |
| | प्रशासन शाखा | उप–सचिव | श्री भीमप्रसाद भट्टराई | |
| | " | शाखा अधिकृत | श्री चम्पा दाहाल | |
| | " | शाखा अधिकृत | श्री भाष्कर दाहाल | |
| | " | शाखा अधिकृत | श्री राजन कु. बस्नेत (स्टोर) | |
| | " | शाखा अधिकृत | श्री माधव प्रसाद गौतम | |
| | " | शाखा अधिकृत | श्री जगदीश दाहाल | |
| | **" (पुस्तकालय)** | पुस्तकालय अधिकृत | श्री सावित्री पौडेल | |
| | प्रशासन शाखा | नायव सुब्बा | श्री माधव प्रसाद शर्मा | |
| | " | क.अ. | श्री लिला बल्लभ नेपाल | |
| | " | क.अ. | श्री सुनिल चौलागाई | |
| | " | ह.स.चा. | श्री दिव्य प्रसाद श्रेष्ठ | |
| | " | ह.स.चा. | श्री कुलमान गिरी | |
| | " | का.स. (करार) | श्री लक्ष्मी लामिछाने | |
| | " | का.स. | श्री विष्णु राज गिरी | |

| | | | | |
|---|---|---|---|---|
| | " | पाले (करार) | श्री विरा महतो | |
| | " | कुचिकार | श्री रुपा नेपाली (करार) | |
| | " **(दर्ता)** | प्र.शिक्षक | श्री मञ्जु चौधरी | |
| | " | का.स. | श्री लक्ष्मी बहादुर महर्जन | |
| | " | का.स. | श्री बिन्दी देवी गौली | |
| | " | का.स. (करार) | श्री कुमार थपलिया | |

| | | | | |
|---|---|---|---|---|
| ४.२ | **सरकारी उद्योग तथा संस्थान शाखा** | | | |
| | सरकारी उद्योग तथा संस्थान शाखा | उप–सचिव | श्री रोशनी कुमारी श्रेष्ठ | |
| | " | शाखा अधिकृत | श्री चित्राङ्गत बराल | |
| | " | शाखा अधिकृत | श्री राजमणी दाहाल | |
| | " | क. अपरेटर (करार) | श्री अरुणा श्रेष्ठ | |
| | " | का.स. (करार) | श्री रन्जु तिमिल्सिना | |
| | | | | |
| ४.३ | **आर्थिक प्रशासन शाखा** | | | |
| | आर्थिक प्रशासन शाखा | उप–सचिव (लेखा) | श्री सुशील ढकाल | |
| | " | लेखा अधिकृत | श्री अजय बर्तौला | |
| | " | लेखापाल | श्री युवराज कार्की | |
| | " | क.अ. | | |
| | " | का.स. | श्री विपन निरौला | |
| | | | | |
| ५. | | | | |
| | **कानून शाखा** | उप–सचिव (कानून) | श्री शंकर के.सी. | |
| | | शाखा अधिकृत | श्री | |
| | " | ना.सु. | श्री बुद्ध कुमार राई | |
| **६.** | **योजना तथा नीति विश्लेषण महाशाखा** | | | |
| | **योजना तथा नीति विश्लेषण महाशाखा** | सह–सचिव | श्री जीत बहादुर थापा | |
| | | | | |
| | पि.ए. शाखा | | श्री शान्ता गिरी | |
| | " | का.स. | श्री गीता पाण्डे (करार) | |
| | | ह.स.चा. (करार) | श्री राजन कार्की | |
| ६.१ | **योजना शाखा** | | | |
| | " | उप–सचिव | श्री आनन्द केशरी पोखरेल | |
| | " | शाखा अधिकृत | श्री प्रकाश आचार्य | |
| | " | शाखा अधिकृत | श्री विष्णु कुमारी भुषाल | |
| | " | शाखा अधिकृत | श्री सिताराम खड्का | |
| | " | ना.सु. | श्री मनोहर ढुंगाना | |
| | " | क.अ. | श्री लोकबहादुर लामा | |
| | | का.स. | श्री सीता थापा | |
| | " | का.स. | श्री स्थिरजङ शाही | |

| | | | | |
|---|---|---|---|---|
| ६.२ | **नीति विश्लेषण शाखा** | | | |
| | नीति विश्लेषण शाखा | उपसचिव | श्री अरुण पोखरेल | |
| | " | शाखा अधिकृत | श्री विष्णु कुमारी भुषाल | |
| | | अर्थशास्त्री | श्री बिमला पोखरेल | |
| **७.** | **औद्योगिक प्रवर्द्धन महाशाखा** | | | |
| | **औद्योगिक प्रवर्द्धन महाशाखा** | **सह–सचिव** | **श्री यामकुमारी खतिवडा** | |
| | " | ना.सु. | श्री यज्ञप्रसाद आचार्य (पि.ए.) | |
| | " | क.अ. | श्री विनोद चौधरी | |
| | " | का.स. | श्री देउमाया गुरुङ्ग (करार) | |
| | " | का.स. | श्री बिनोद देसार (करार) | |
| | " | ह.स.चा. | श्री गोविन्दबहादुर महत | |
| ७.१ | **वैदेशिक लगानी शाखा** | | | |
| | वैदेशिक लगानी शाखा | उप–सचिव | श्री दिपक घिमिरे | |
| | " | शाखा अधिकृत | श्री अन्जु पोखरेल | |
| | " | क. अधिकृत | श्री राजु श्रेष्ठ | |
| | **रुग्ण उद्योग ईकाई** | उप-सचिव | श्री | |
| | | शाखा अधिकृत | श्री | |
| | | शाखा अधिकृत | श्री उमेशमान जोशी | |
| ७.२ | **औद्योगिक प्रवर्द्धन तथा औद्योगिक सम्पत्ति व्यवस्थापन शाखा** | | | |
| | " | उप-सचिव | श्री राधाकृष्ण श्रेष्ठ | |
| | " | शाखा अधिकृत | श्री कृष्णमान प्रधान | |
| | " | शाखा अधिकृत | श्री सरोज कोइराला | |
| | | शाखा अधिकृत | श्री राम प्रसाद लुइटेल | |
| **८.** | **प्रविधि महाशाखा** | | | |
| | " | **सह–सचिव (प्रा.)** | **श्री ऋषिराज कोइराला** | |
| | " | उपसचिव | श्री | |
| | " | औ.ई. | श्री | |
| | | क.अ. (करार) | श्री मधुरेश प्रसाद साह | |
| | " | ह.स.चा. | श्री रामगोपाल महर्जन | |
| | " | का.स. (करार) | श्री खोपकुमारी अगस्ती | |
| ८.१ | **वातावरण शाखा** | | | |
| | " | सि.डि.मे.ई. | श्री दीलिप खतिवडा | |
| | " | मे.ई. | श्री | |
| | | | | |
| ८.२ | **प्रविधि हस्तान्तरण शाखा** | | | |
| | " | सि.डि.के.ई. | श्री आलोक कुमार मिश्र | |
| | " | मे.ई. | श्री प्रेम सुवेदी | |
| | " | सि.डि.मे.ई. | श्री अमित आचार्य | |
| | " | सि.डि.मे.ई. | श्री सुरेन्द्र कुमार शाही | |

**महाशाखा अन्तर्गतका शाखाहरुको कार्यविवरणः**

**(१) प्रशासन तथा संस्थान महाशाखा**

**आर्थिक प्रशासन शाखाः**

उद्योग मन्त्रालय र अन्तर्गतका निकायहरुको लागि आगामी आर्थिक वर्षका लागि अनुमानित (साधारण) बजेट बनाई पेश गर्ने, विनियोजित बजेट अर्थ मन्त्रालयबाट खर्च गर्ने अख्तियारी प्राप्त भए पछि अन्तर्गतका विभाग / आयोजना / कार्यालयहरुमा अख्तियारी पठाउने र सो को अभिलेख सम्वन्धी आवश्यक काम गर्ने , अख्तियारी प्राप्त भए पछि विनियोजन बजेट निकासा माग गरी खर्च सहितको अभिलेख राखी आन्तरीक लेखापरीक्षण तथा अन्तिम लेखापरीक्षण गराउने , लेखापरीक्षणबाट वेरुजु देखिन आएमा सो को अभिलेख गरी फछर्यौट गर्ने गराउने सम्वन्धी काम गर्ने र तत्सम्वन्धी प्रगति विवरण सम्वन्धीत निकायमा पठाउने, राजस्व तथा धरौटी वापत प्राप्त हुन आउने रकमको अभिलेख गर्ने , लेखापरीक्षण गराउने, मन्त्रालय तथा अन्तर्गतको केन्द्रीय लेखा तयार गरी सम्वन्धित निकायमा पठाउने , महालेखा परीक्षकको वार्षिक प्रतिवेदनमा उल्लेखित व्यहोराहरुको जवाफ संकलन तथा अध्ययन गरी सार्वजनिक लेखा समितिबाट माग भएका वखत पठाउने व्यवस्था गर्ने , मन्त्रालयमा प्राप्त हुन आउने आर्थिक प्रशासनसंग सम्वन्धित सरकारी नीति तथा आर्थिक अनुशासन सम्वन्धी विभिन्न निर्देशनहरु पालना गर्ने, अन्तर्गतका निकायहरुले सो पालना गर्ने व्यवस्था गराउने , कुनै बजेट उपशीर्षकमा रकम थपघट गर्नु परेमा रकमान्तर सम्वन्धी अर्थ मन्त्रालयबाट निकासा भए वमोजिम गर्ने गराउने , आर्थिक विषयमा कार्यालय प्रमुख / आयोजना प्रमुखबाट राय माग भएमा राय दिने तथा कार्यालय प्रमुखबाट आर्थिक विषयमा आदेश निर्देशन भएकोमा नियमानुसार सो आदेश निर्देशन बमोजिम गर्ने कार्यहरु आर्थिक प्रशासन शाखाबाट सम्पादन हुने गर्दछ।

**प्रशासन शाखाः**

यस शाखाले मन्त्रालय र अन्तर्गतका कार्यालयहरुमा कार्यरत कर्मचारीहरुसंग सम्बन्धित प्रशासनिक कार्य , मानव संशाधन विकास सम्बन्धि कार्य , मन्त्रालय अन्तर्गतका सम्पूर्ण निकायहरुको भौतिक साधनहरुको अनुगमन , निरीक्षण, स्वदेश तथा विदेशमा संचालन हुने विभिन्न तालिम, गोष्ठी, अध्ययन, अध्ययन भ्रमण, सभा सम्मेलनमा कर्मचारी मनोनयन सम्बन्धि कार्य, आन्तरीक प्रशासन सम्बन्धि कार्य , कर्मचारीहरुको सरुवा, बढुवा, अवकास, पदपुर्ति, दरवन्दी स्वीकृती सम्बन्धि कार्य , शुशासन तथा नागरिक वडापत्र बमोजिम कार्य भए नभएको अनुगमन सम्बन्धि कार्य गर्नुको साथै मन्त्रालय र अन्तर्गतका विभाग तथा कार्यालयको जनशक्ति विकास र कर्मचारी प्रशासन सम्वन्धी कार्य गर्दछ। निजामति सेवा ऐन बमोजिम मन्त्रालयले संचालन गर्न तोकिएका विभिन्न सेवा समूह सम्वन्धी पदहरुको कर्मचारी प्रशासन सम्वन्धी कार्य गर्नुको साथै मन्त्रालयको सामान्य प्रशासन सम्वन्धी कार्य समेत गर्दछ।

**सरकारी उद्योग तथा संस्थान शाखाः**

यस शाखाले सरकारी स्तरमा संचालित उद्योग, समिति, संस्थान र प्रतिष्ठान सम्वन्धी बिषयहरुको नीति नियम तर्जुमा गर्नुको साथै तत्सम्वन्धी कार्यको परिपत्र, निर्देशन जारी गरी ती निकायहरुका अध्यक्ष, महाप्रवन्धक र संचालकहरुको नियुक्ति प्रक्रिया अगाडि बढाउने कार्य गर्दछ। साथै यस शाखाले ती निकायहरुको सञ्चालनमा सहजीकरणको भूमिका समेत निर्वाह गर्दछ।

**(२) योजना तथा नीति विश्लेषण महाशाखाः**

**योजना शाखाः**

योजनावद्ध विकासका सम्वन्धमा राष्ट्रिय योजना आयोगले प्रतिपादन गरेको सिद्धान्त, नीति, कार्यक्रम आदिको अभिलेख राख्ने, मन्त्रालयसंग सम्वन्धीत क्षेत्रगत विकास कार्यक्रमको आवधिक र वार्षिक कार्यक्रम तर्जुमा गरी पेश गर्ने अन्तर्गतका विभाग , संस्थान, समिति तथा आयोजनाहरुलाई मार्गनिर्देशन दिने, मातहत निकायबाट वार्षिक योजना, कार्यक्रम एवं बजेटको पूर्वानुमान सम्वन्धी विवरण संकलन गरी मूल्यांकन एवं छानविन गर्ने , आवश्यकतानुसार गोष्ठी, छलफल गरी एकिकृत वार्षिक कार्यक्रम तयार गर्ने, राष्ट्रिय योजना आयोग र अर्थ मन्त्रालयसंग सम्पर्क र समन्वय गरी वार्षिक कार्यक्रम तयार गरी स्वीकृत गराउने , मातहतका निकायहरु बीच योजना तर्जुमा, कार्यक्रम निर्माण र सम्पादन बीच समन्वय गर्ने गराउने, आर्थिक प्रशासन शाखासंग समन्वय गरी वार्षिक कार्यक्रम एवं बजेटको बांडफांड गर्ने गराउने , मातहत निकायहरुबाट नियमित रुपमा मासिक, चौमासिक, वार्षिक र आश्यकता अनुसारका प्रगति विवरण प्राप्त गर्ने , लक्ष्य बमोजिम काम भए नभएको विश्लेषण , अनुगमन, अध्ययन गरी समीक्षा गर्न गराउन समीक्षा बैठक संचालन गरी सम्वन्धित पदाधिकारीबाट हुने निर्देशनको कार्यान्वयन गर्ने गराउने , मन्त्रालय र अन्तर्गत निकायहरुबाट सम्पादित कार्यहरुको मासिक प्रगति विवरण प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा नियमित रुपमा पठाउने जस्ता कार्यहरु यस शाखाले सम्पादन गर्दै आएकोछ।

**नीति विश्लेषण शाखाः**

उद्योग क्षेत्रसंग सम्वन्धित नीतिगत विषय, सरकारको नीति तथा कार्यक्रम, वजेट बक्तव्यमा उल्लेखित नीति तथा कार्यक्रमको समीक्षा, औद्योगिक नीति, बैदेशिक लगानी नीति, ऐन, गैह्र आवासीय नेपाली सम्बन्धि नीति, ऐन, स्वदेशी तथा विदेशी लगानी सम्वन्धी उद्योगहरुको आवश्यक तथ्यांक संकलन गरी भण्डारण , निर्यातयोग्य वस्तुहरुको तथ्यांक संकलन , औद्योगिक वस्तुहरुको लागत संकलन तथा विश्लेषण अन्तर मन्त्रालय बीच सूचना तथा तथ्यांक आदान प्रदान र समन्वयको कार्य , उद्योग झलक पत्रिकाको प्रकाशन, यस मन्त्रालय सम्बन्धी नीतिगत तथा आवश्यक अन्य छलफलका लागि समय समयमा अनुरोध भै आए बमोजिमका नीतिगत विश्लेषण सम्बन्धि कार्य, मन्त्रालयसंग सम्वन्धीत क्षेत्रगत विकास नीति तथा कार्यक्रम, बजेट बक्तव्यमा उल्लिखित नीति तथा कार्यक्रमको कार्यान्वयन सुनिश्चित गर्न मासिक रुपमा प्रगति समीक्षा बैठक गरी सो को विवरण अर्थ मन्त्रालयमा पठाउने, यस मन्त्रालय र अन्तर्गत निकायहरुको भ्रष्टाचार विरुद्धको नीति तथा रणनीति सम्वन्धी योजना र वार्षिक कार्यक्रम बीचमा कायम राख्नुपर्ने तालमेल एवं उद्योग क्षेत्रका नीतिहरुसंग कार्यक्रमहरुको सामञ्जस्यता , गुणस्तर व्यवस्थापन सम्वन्धी नीति तर्जुमामा सहयोग पुर्या उने , औद्योगिक उत्पादकत्वसंग सम्वन्धित राष्ट्रिय एवं अन्तर्राष्ट्रिय संस्थाहरु जस्तै विश्व विद्यालय, व्यवसायिक तथा प्राविधिक प्रतिष्ठान, नेपाल उद्योग वाणिज्य महासंघ, उद्योग परिसंघ, एवं अन्तर्राष्ट्रिय तथा राष्ट्रिय गैर सरकारी संस्थाहरु आदिसंग सम्पर्क कायम गरी उपयुक्त क्रियाकलाप गर्ने गराउने कार्य यस शाखाबाट सम्पादन गरिनेछन् ।

**(३) औद्योगिक प्रवर्द्धन महाशाखाः**

**विदेशी लगानी शाखाः**

विदेशी लगानीकर्ताहरुलाई नेपालमा लगानीका अवसरहरुका बारेमा जानकारी गराउन नेपाल सरकारको मौजुदा औद्योगिक नीति, वैदेशिक लगानी नीति तथा अन्य सम्बद्ध ऐनहरु समाबेश गरी प्रवर्द्धनात्मक सामग्रीहरु प्रकाशित गर्ने , नेपालमा लगानी गर्न चाहने लगानीकर्ताहरुले माग गरेका जानकारीहरु उपलब्ध गराउने , नेपाललाई तुलनात्मक लाभ पुग्ने क्षेत्रहरुमा विदेशी लगानी आकर्षण र प्रवर्द्धन गर्न उपयुक्त परियोजनाहरुको पूर्व संभाब्यता अध्ययन गराउने , नेपालमा लगानी आउन सक्ने संभाब्य देशहरुसंग लगानी प्रवर्द्धन र संरक्षण एवं सम्झौता गर्न आवश्यक तयारी गर्ने , बिदेश स्थित नेपाली कूटनैतिक

नियोगहरुलाई लगानी प्रवर्द्धनसंग सम्बन्धित नेपाल सरकारको नीति एवम् ऐनहरु उपलब्ध गराउने र लगानी प्रवर्द्धनको क्रममा माग भई आएका जानकारीहरु उपलब्ध गराउने, स्वदेशी एवम् विदेशी लगानीकर्ता बीच प्रत्यक्ष लगानी सम्पर्क गराउन लगानी प्रवर्द्धन मिसनहरु पठाउने र समय समयमा नेपालमा अन्तर्राष्ट्रिय लगानी मञ्चको आयोजना गर्ने , नेपालमा बिदेशी लगानीमा सञ्चालित परियोजनाहरुको समय समयमा अनुगमन गरी लगानीकर्ताहरुलाई परेका समस्याहरु समाधान गर्न उपयुक्त कारवाही गर्ने, नेपालको औद्योगिक बातावरणलाई लगानी मैत्री बनाउन मौजुदा सरकारी नीति एवं नियममा समयानुकूल पुनराबलोकन गराइ उपयुक्त सुधारका लागि सुझाब प्रस्तुत गर्ने , UNCTAD, UNIDO, IPS Offices वैदेशिक औद्योगिक तथा वाणिज्य संघहरु मार्फत नेपालमा विद्यमान लगानीका अवसर एवं लगानीका लागि छनौट गरिएका परियोजना प्रस्तावहरुको प्रचार प्रसार गराई बिदेशी लगानीकर्ताहरुलाई नेपालमा लगानी गर्न आउन आमन्त्रित गर्ने लगायतका कार्यहरु सम्पादन गर्ने गर्दछ।

**औद्योगिक प्रवर्द्धन तथा औद्योगिक सम्पत्ति व्यवस्थापन शाखाः**

देशको औद्योगिकरणमा सरकारी र निजी क्षेत्रको समन्वयात्मक भूमिका अभिबृद्धि गर्न समयानुकूल नीतिगत एवं प्रशासनिक कार्यहरु सम्पादन गर्ने, औद्योगिक प्रवर्द्धनको लागि निजीक्षेत्रलाई प्राथमिकता दिने सन्दर्भमा अपनाउनु पर्ने नीति , नियम तथा कानून तर्जुमाका सम्बन्धमा सम्बन्धित निकायहरुसंग समन्वय गरी कानून शाखा समेतको संलग्नतामा कार्य सम्पादन गर्ने , औद्योगिक व्यवसाय ऐन एवं नेपाल सरकारको नीति तथा नियमहरुको कार्यान्वयनमा देखापरेका व्यवधानहरु हटाउन आवश्यक कारवाही गर्ने र औद्योगिक प्रवर्द्धन सम्बन्धमा मन्त्रालय अन्तर्गतका बिभागहरुलाई सहयोग र समन्वय गर्ने , औद्योगिक प्रवर्द्धनको लागि आवश्यक सुविधा , सहुलियत, संरक्षण तथा बातावरण व्यवस्थाको लागि नीतिहरु तर्जुमा , पुनराबलोकन तथा मूल्याङ्कन गर्ने, निजी क्षेत्रलाई प्रोत्साहन वा प्राथमिकता दिने कार्यक्रम वा परियोजना सञ्चालन सम्बन्धी कार्यहरु गर्ने, निजी क्षेत्रका उद्योगहरुको बिकासको निमित्त निजी क्षेत्रका संघ संस्थाहरुसंग मिलेर आवश्यक रणनीति तय गर्ने कार्यहरुका अतिरिक्त यस्ता उद्योगहरुमा देखा परेका समस्याहरु निराकरण गर्न अन्तर –मन्त्रालय समन्वयका साथै आवश्यक सहयोग गर्ने, रुग्ण उद्योगको पुनर्स्थापना गर्ने नीति तर्जुमा गरी कार्यन्वयनको व्यवस्था गर्ने , घरेलु उद्योगको प्रवर्द्धन , प्रोत्साहन र बिस्तारको लागि सञ्चालित कार्यक्रमहरु सुपरिबेक्षण र अनुगमन गरी कार्यक्रमहरुमा समन्वय कायम गर्ने, आर्थिक ऐन र सम्बन्धित अन्य ऐनबाट उद्योग विकासमा परेका प्रभावहरु अध्ययन गरी सुझावहरु प्रस्तुत गर्ने र उद्योगले प्रयोग गर्ने मेशिनरी एवम् कच्चा पदार्थहरुमा लाग्ने कर तथा भंसार महसुल सम्बन्धमा परामर्श दिने , वौद्धिक सम्पतिको प्रशासन सम्वन्धमा नीतिगत र संरचनागत व्यवस्था गर्ने , सम्वन्धित निकायहरुसंग समन्वय गर्ने, औद्योगिक सम्पतिको संरक्षण र प्रशासन गर्न मौजुदा कानुनमा पुनरावलोकन गर्ने , वौद्धिक सम्पति सम्वन्धी चेतनामुलक कार्यक्रमहरु सञ्चालन गर्ने जस्ता कार्यहरु यस शाखा अन्तर्गत पर्दछन्।

**रुग्ण उद्योग इकाइः**

रुग्ण उद्योगको पुनर्स्थापना गर्ने नीति तर्जुमा गरी कार्यन्वयनको व्यवस्था गर्ने , घरेलु उद्योगको प्रवर्द्धन , प्रोत्साहन र बिस्तारको लागि सञ्चालित कार्यक्रमहरु सुपरिबेक्षण र अनुगमन गरी कार्यक्रमहरुमा समन्वय कायम गर्ने,

**(४) प्रविधि महाशाखाः**

**वातावरण शाखाः**

औद्योगिक तथा शहरीकरणको कारणबाट निस्कने फोहर , मैला, धुवाँ, वायु, तथा ध्वनी प्रदुषण आदिबाट वातावरणमा पर्ने नकारात्मक असरलाई रोकथाम, नियन्त्रण तथा न्यूनीकरण गरी वातावरणीय व्यवस्थापन कार्यद्वारा देशमा दिगो औद्योगिक विकासको लागि राष्ट्रिय वातावरणीय नीतिलाई सक्षमताकासाथ व्यवस्थित गरी तत्सम्बन्धी नीति एवं ऐन नियम

कार्यान्वयनमा मन्त्रालय र अन्तर्गतका निकायहरु तथा औद्योगिक प्रतिष्ठानहरुलाई वातावरण मैत्री उत्पादन पद्धति अवलम्वन गर्न लगाई देशको आर्थिक स्तरमा वृद्धि गराउन तत्सम्वन्धी कार्यहरु यस शाखाबाट सम्पादन गर्ने गरिन्छ।

**प्रविधि हस्तान्तरण शाखाः**

देश भित्र स्थापना भएका वा हुने निजी तथा सरकारी घरेलु , साना, मझौला तथा ठूला उद्योग एवं व्यवसायमा विश्वमा प्रतिपादन भएका नयाँ तथा पुराना प्रविधिहरुका साथै देश भित्रै अध्ययन अनुसन्धान भै पहिचान गरिएका विभिन्न प्रकारका प्रविधिहरुको जानकारी तथा प्रचार प्रशार गर्ने गराउने, सम्बन्धित क्षेत्रमा वितरण गरी औद्योगिक व्यवसाय उत्पादनका क्षेत्रमा सघाउ पुर्याोउनेविश्वको बढ्दो उदारीकरण तथा विश्वव्यापीकरणको मूल प्रवाहमा स्वदेशका उद्योग व्यवसायबाट उत्पादन हुने विभिन्न वस्तु र सेवाहरुलाई प्रतिस्पर्धात्मक बजारमा सफल तुल्याउनका निम्ति आधुनिक प्रविधिको खोजी गरी सम्बन्धित क्षेत्रमा सूचना प्रवाह गर्ने कार्य यस शाखाले गर्दै आएको छ।

(घ) निकायबाट प्रदान गरिने सेवा

उद्योग क्षेत्रको विकास र विस्तारका लागि नीतिगत कार्यहरु गर्ने भएकोले छुट्टै उल्लेख गरिरहनु नपर्ने ।

(ङ) सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी

| सेवा प्रदान गर्ने शाखा | जिम्मेवार अधिकारी |
|---|---|
| प्रशासन | उ.स. श्री भीमप्रसाद भट्टराई |
| सरकारी उद्योग तथा संस्थान | उ.स. श्री रोशनी कुमारी श्रेष्ठ |
| प्रविधि तथा वातावरण | उ.स. श्री आलोक कुमार मिश्र |
| आर्थिक प्रशासन | उ.स. श्री सुशील ढकाल |
| कानून | उ.स. श्री शंकर के.सी. |
| नीति विश्लेषण | उ.स. श्री अरुण पोखरेल |
| योजना अनुगमन | उ.स. श्री आनन्द केशरी पोखरेल |
| औद्योगिक प्रवर्द्धन तथा औद्योगिक सम्पत्ति व्यवस्थापन | उ.स. श्री राधाकृष्ण श्रेष्ठ |
| रुग्ण उद्योग | उ.स. श्री राधाकृष्ण श्रेष्ठ |
| विदेशी लगानी | उ.स. श्री दिपक घिमिरे |

(च) सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि

**नभएको ।**

(छ) निर्णय गर्ने प्रकृया र अधिकारी

सम्बन्धित शाखा, महाशाखा तथा अन्तर सम्बन्धित मन्त्रालयहरुबाट राय प्राप्त गरी तहगत रुपमा निर्णय हुने ।

**सचिव/मन्त्रीस्तर/मन्त्रिपरिषद्**

(ज) निर्णय उपर उजुरी सुन्ने अधिकारी

**श्री जय मुकुन्द खनाल - सचिव**

(झ) सम्पादन गरेको कामको विवरण

- सार्वजनिक निकायमा स्वदेशी वस्तुको उपयोग सम्बन्धी नयाँ निर्देशिकाको मस्यौदालाई अन्तिम रुप दिई स्वीकृतिका लागि मन्त्रिपरिषद्मास प्रस्तुत भएको ।
- विदेशी लगानी नीति, २०७१ मन्त्रिपरिषद्बामट स्वीकृत भएको ।
- चीनसंगको BIPPA सम्झौतालाई अन्तिम रुप दिई परराष्ट्र मन्त्रालय मार्फत प्रतिक्रियाको लागि चीन सरकार समक्ष प्रस्तुत भएको ।
- हेलो सरकारमार्फत यस मन्त्रालयसँग सम्बन्धित २३ उजुरीवटा उजुरीहरु विभाग/महाशाखाहरुमा राय/प्रतिक्रियाको लागि पठाइएको ।
- वुटवल औद्योगिक क्षेत्रमा Cleaner Production सम्बन्धी तालिम सम्पन्न गरिएको ।
- वीरगन्ज-पथलैया औद्योगिक करिडोरका उद्योगहरुलाई लक्षित गरी Energy Efficiency सम्बन्धी तालिम सम्पन्न ।
- जनकपुर चुरोट कारखाना लि. को आ.ब. २०५४/६५ देखि लेखापरिक्षण कार्य नभएकोले अर्थ मन्त्रालयसँगको छलफल पश्चात श्रेस्ता तयार गरी लेखापरिक्षण गराउने तर्फ कार्य अगाडी बढाइएको छ ।
- डेनिस सरकारको सहयोगबाट हेटौंडा औद्योगिक क्षेत्रभित्र निर्मित फोहरपानी प्रशोधन केन्द्र (Waste Water Treatment Plant) को सञ्चालन तथा व्यवस्थापनको लागि औद्योगिक क्षेत्र व्यवस्थापन लि. लाई अख्तियारी प्रदान गरिएको ।
- उदयपुर सिमेन्ट उद्योग लि. र राष्ट्रिय उत्पादकत्व तथा आर्थिक विकास केन्द्र लि. मा क्रमशः श्री सुरेन्द्र कुमार पौडेल र श्री अन्जना ताम्राकारलाई ४ (चार) बर्षका लागि महाप्रबन्धक पदमा कार्यसम्पादन करार सम्झौता सहित नियुक्ति गरिएको ।
- यस मन्त्रालय मातहतका सार्वजनिक संस्थानहरुको विगत ५ बर्षको आर्थिक विवरण संकलन गरी एकिकृत रुपमा तयार गरिएको ।
- नेपाल औषधि लि. को अध्यक्ष पदबाट श्री बाबुराम हुमागाईले दिएको राजिनामा स्वीकृत भएको ।
- मन्त्रालयस्तरीय विकास समस्या समाधान समिति तथा दोश्रो चौमासिक प्रगति समीक्षा वैठक सम्पन्न ।
- आ.ब. २०७२/७३ को लागि राष्ट्रिय योजना आयोगबाट प्राप्त सिलिङ्ग अनुसार मन्त्रालय र मातहतको बजेट तयार गरी LMBIS मा Entry गर्ने तथा राष्ट्रिय योजना आयोगमा छलफल कार्य सम्पन्न ।
- संखुवासभा जिल्लामा उद्योग प्रशासन समस्या र समाधान विषयक गोष्ठि सम्पन्न ।
- विशेष आर्थिक क्षेत्रको स्थापना, सञ्चालन र व्यवस्थापन गर्ने सम्बन्धमा बनेको विधेयक व्यवस्थापिका संसद्मा े पेश गर्न नेपाल सरकार (मन्त्रिपरिषद्) बाट स्वीकृति प्राप्त भईसकेको ।
- औद्योगिक व्यवसाय ऐन, २०७१ नेपाल सरकार (मन्त्रिपरिषद्) बाट स्वीकृत भएको ।
- खानी तथा खनिज पदार्थ (दोश्रो संशोधन) नियमावली, २०७१ मन्त्रिपरिषद्बा ाेट स्वीकृत भएको ।
- कम्पनी (पहिलो संशोधन) ऐन, २०७१ को मस्यौदा तयार भई सरोकारवालाको राय प्रतिक्रियाका लागि पठाइएको ।
- एक्रिडिटेशन परिषद् स्थापना गर्ने सम्बन्धी विधेयकको मस्यौदा तयार भई सरोकारवाला निकायको राय, प्रतिक्रियाको लागि पत्राचार गरिएको ।
- गुणस्तर ऐनको नयाँ विधेयक तर्जुमा गर्न कार्यदल गठन भएको ।

(ञ) सूचना अधिकारी र प्रमुखको नाम र पद

निकाय प्रमुखः- **सचिव**

सूचना अधिकारीः- **दिनेश कुमार घिमिरे, सह-सचिव**

(ट) ऐन, नियम, विनिमय वा निर्देशिकाको सूची

नेपाल सरकार (कार्य-विभाजन) नियमावली, २०६४ को नियम ३ मा भएको व्यवस्था बमोजिम यस मन्त्रालयको गठन भएको । यस निकायलाई निर्देशित गर्ने बैधानिक/कानूनी आधारहरु निम्नअनुसार रहेका छन् ।

- नेपाल गुणस्तर (प्रमाण चिन्ह) ऐन, २०३७
- औद्योगिक व्यवसाय विकास प्रतिष्ठान ऐन, २०५३
- दामासाही सम्बन्धी ऐन, २०६३
- स्टाण्डर्ड नाप र तौल ऐन, २०२५
- खानी तथा खनिज पदार्थ-सम्बन्धी ऐन, २०४२
- वातावरण संरक्षण ऐन, २०५३
- साझेदारी फर्म रजिष्ट्रेशन ऐन, २०२०
- प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४
- विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०४९
- औद्योगिक व्यवसाय ऐन, २०४९
- कम्पनी ऐन, २०६३
- पेटेण्ट, डिजायन तथा ट्रेडमार्क ऐन, २०२२

(ठ) आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी अध्यावधिक विवरण (त्रैमासिक)

व.उ.शी.नं. ३०७०११३ तर्फ

| चैत्र महिनाको खर्च | चैत्र महिना सम्मको निकाशा | खर्च । वित्तिय संकेत नं. | खर्च । वित्तिय शीर्षक | अन्तिम बजेट | चैत्र महिनासम्मको खर्च | बाक्की | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | बजेट | निकाशा |
| ३०४४९१३।०० | १५२५२०४९।३० | २११११ | तलब | २१,८५६,०००।०० | १५२५२०४९।३० | ६६०३९५०।७० | ० |
| ० | ५२२,०००।०० | २१११९ | अन्य भत्ता | ५४०,०००।०० | ५२२,०००।०० | १८,०००।०० | ० |
| ० | ० | २११२१ | पोषाक | ५०३,०००।०० | ० | ५०३,०००।०० | ० |
| १३०३५४ | ५७८८४७ | २२१११ | पानि तथा बिजुलि महसुल | ९००,०००।०० | ५७८८४७ | ३२११५३ | ० |
| ७५९५।०० | १६३५७२।०० | २२११२ | संन्चार महसुल | ७९८,०००।०० | १६३५७२।०० | ६३४४२८।०० | ० |
| १२३६५६।०० | १२२१२७४।०० | २२२११ | ईन्धन तथा अन्य ईन्धन | १,५७०,०००।०० | १२२१२७४।०० | ३४८६२६।०० | ० |
| २२१६६८।०० | ९०८३७६।०० | २२२१२ | संन्चालन तथा मर्मत सम्भार | १,०४२,०००।०० | ९०८३७६।०० | १३३६२४।०० | ० |
| ० | ५९०३७।०० | २२२१३ | बिमा | १३०,०००।०० | ५९०३७।०० | ७०९६३।०० | ० |
| ३८२८११।०० | १४०२२९०।०० | २२३११ | कार्यलय सम्बन्धी खर्च | १,७९०,०००।०० | १४०२२९०।०० | ३८७७१०।०० | ० |
| ३७६००।०० | १८८०००।०० | २२४११ | सेवा र परामर्श | २०६,०००।०० | १८८०००।०० | १८०००।०० | ० |
| ६०७९६२।०० | ३१३५६२६।०० | २२४१२ | अन्य सेवा शुल्क | ३,१८२,०००।०० | ३१३५६२६।०० | ४६४७४।०० | ० |
| ० | ० | २२५२२ | कार्यक्रम खर्च | ३००,०००।०० | ० | ३००,०००।०० | ० |
| ९१७००।०० | ५८१६९५।०० | २२६११ | अनुगमन मुल्याकन | १,०५०,०००।०० | ५८१६९५।०० | ४६८३०५।०० | ० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ० | २७५५०।०० | २२६१२ | भ्रमण खर्च | १५०,०००।०० | २७५५०।०० | १२२४५०।०० | ० |
| ३५८५०।०० | ११७७८२३।०० | २२७११ | बिबिध खर्च | १,१७८,२१२।०० | ११७७८२३।०० | ३८९।०० | ० |
| ५०९६६०८।०० | २५६३०६३९।३० | | **जम्मा** | ३५,६९५,२१२।०० | २५६३०६३९।३० | ११०६४५७२।७० | ० |

व.उ.शी.नं. ३०७१०९३ तर्फ

| चैत्र महिनाको खर्च | चैत्र महिना सम्मको निकाशा | खर्च । वित्तिय संकेत नं. | खर्च । वित्तिय शीर्षक | अन्तिम बजेट | चैत्र महिनासम्मको खर्च | बाक्की | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | बजेट | निकाशा |
| १३०७०।०० | ३८४२०।०० | २२२११ | सवारी इन्धन | ५००००।०० | ३८४२०।०० | ११५८०।०० | ० |
| ० | १४०२२९०।०० | २२३११ | कार्यलय सम्बन्धी खर्च | १६००००।०० | ० | १६००००।०० | ० |
| १३१०२०।०० | १३१०२०।०० | २२५१२ | सिप विकास जनचेतना तालिम | १४५००००।०० | १३१०२०२।०० | १३८९८०।०० | ० |
| २४०३२८।०० | ६४५८७३।०० | २२५२२ | कार्यक्रम खर्च | ७३०००००।०० | ६४५८७३।०० | ६६५४१२७।०० | ० |
| १२८८५०।०० | १६४३७५।०० | २२६११ | अनुगमन मुल्याकन | ८७५०००।०० | १६४३७५।०० | ७१०६२५।०० | ० |
| २३०००।०० | ६८६९५।०० | २२७११ | बिबिध खर्च | १०००००।०० | ६८६९५।०० | ३१३०५।०० | ० |
| ५३६२६८।०० | १०४८३८३।०० | | **जम्मा** | ९९३५०००।०० | १०४८३८३।०० | ८८८६६१७।०० | ० |

(ड) अघिल्लो आ.व. (२०७०।७१) मा उद्योग मन्त्रालयबाट सम्पन्न भएका आयोजना/कार्यक्रमहरुको विवरणः

१ बातावरणीय क्षेत्र सहयोग कार्यक्रम उर्जा समेत

२ खनिज अन्वेषण तथा बिकास आयोजना

३ पेट्रोलियम अन्वेषण परियोजना

४ भूबैज्ञानिक सर्भेक्षण तथा अनुसन्धान- कार्यक्रम

५ औद्योगिक पुर्वाधार बिकास कार्यक्रम

क) विशेष आर्थिक क्षेत्र विकास समिति

ख) सिमेन्ट उद्योग पहुँच सडक निर्माण

ग) विद्युत्त प्रसारण लाइन आयोजना

घ) खानी विभाग (पूर्वाधार निर्माण)

६ औद्योगिक लगानि प्रवर्धन कार्यक्रम

७ घरेलु तथा साना उद्योग कार्यक्रम(जिल्ला४८)

८ घरेलु तथा साना उद्योग कार्यक्रम(जिल्ला२७)

९ गरिवी निवारणका लागि लघु उद्यम बिकास कार्यक्रम

१० नेपाल व्यापार एकीकृत रणनित २०१०

(ढ) सार्वजनिक निकायको वेभसाइट भए सो को विवरण

वेभसाइटः www.moi.gov.np

(ण) सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भए सोको विवरण

- मन्त्रालयले वार्षिकरुपमा सम्पादन गरेका कार्यक्रम, वजेट तथा जानकारीमूलक सामाग्री समावेश भएको वार्षिक पुस्तिका प्रकाशन गरिएको ।
- विदेशी लगानी विषयक जानकारीमूलक पुस्तिका (Invest to Nepal) प्रकाशन गरिएको ।
- Invest Nepal Portal (www.investnepal.gov.np) मा अन्य सूचनाहरु राखिएको ।

(त) तोकिए बमोजिमका अन्य विवरण

- अदालतबाट लागेको कैद, दण्ड भुक्तान नगरेका र जरिवाना नतिरेका व्यक्तिहरुलाई राज्यबाट उपलब्ध गराउने सेवा सुविधा उपलब्ध नगराउने सम्बन्धमा मन्त्रालय एवम् मन्त्रालय मातहत निकायलाई पत्राचार भई सोही बमोजिम कार्य सम्पादन हुँदै आएको ।